# सबैला नगरपालिकाको छैठो नगर सभामा नगरप्रमुख श्री विजय शंकर प्रसाद साह द्वारा प्रस्तुत आ.व.२०७८।०७९ को नीति तथा कार्यक्रम

आदरणिय सम्पूर्ण अतिथिज्यूहरु, नगर सभा सदस्यज्यूहरु, सवै राजनैतिक दलका अध्यक्ष एवँ प्रतिनिधिज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, शिक्षकज्यूहरु, पत्रकारज्यूहरु, नगर कार्यपालिकाको कार्यालयका कर्मचारीहरु, व्यापारी, बुद्धिजिवि, महिला, सुरक्षाकर्मी, नगरपालिकावासी एवम् उपस्थित सम्पूर्ण सज्जनवृन्द ।

हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित भएर हौसला दिनुहुने सम्पुर्ण महानुभावहरुलाई सर्वप्रथम संघिय लोकतान्त्रीक गणतन्त्र घोषणा पछिको छैठो नगर सभा समारोहमा नगरपालिकाको तर्फबाट हार्दिक स्वागत, सम्मान र आभार व्यक्त गर्न चाहन्छु ।

आदरणीय महानुभावहरु,

देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि विभिन्न कालखण्डमा आफनो अमुल्य जिवन बलिदान दिनु हुने ज्ञात अज्ञात अमर सहिदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु । साथै विभिन्न आन्दोलनका कममा घाईते तथा अंगभंग हुनु भएका योद्धाहरुमा उच्च समान्न व्यक्त गर्न चाहन्छु ।

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको ६ बर्ष पुरा भएको छ । संघ, प्रदेश र स्थानिय तिनै तह संविधानले दिएको अधिकार प्रयोग गर्दै मुलुकलाई दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न प्रतिबद्ध भई लागि परेका छन् । संविधान बमोजिम स्थानिय तहले आफनो अधिकार भित्रको आर्थिक अधिकार सम्बन्धि विषयमा कानुन बनाउने, बार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यन्वयन गर्ने गर्दछ ।

नेपालको संविधान भाग १९ स्थानिय आर्थिक प्रणालीमा कानुन बमोजिम बाहेक स्थानिय तहमा कुनै कर लगाउने, उठाउने र ऋण लिन पाउने व्यवस्था र नगर कार्यपालिकाले प्रत्येक आर्थिक बर्षको राजश्व र व्ययको अनुमान सम्बन्धित नगर सभामा पेश गरि पारित गराउनु पर्ने संबैधानिक व्यवस्था रहेको छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१ (३) मा नगर कार्यपालिकाले प्रत्येक बर्ष अषाढ महिनाको १० गते भित्र अगामि आर्थिक बर्षको राजश्व र व्यय को अनुमान सम्बन्धित नगर सभामा पेश गर्नु पर्ने व्यवस्था रहेको छ ।

सम्पुर्ण विश्वनै कोविड-१९ (कोरोना भाईरस) महामारीको चपेटामा परिरहेको चुनौतीपुर्ण र असहज अवस्थामा छैठो नगर  सभाको नीति, बजेट तथा कार्यक्रम प्रस्तुत गर्दैछु ।

कोविड-१९ महामारीको कारण मानवजाति माथि सताबदिकै सबै भन्दा ठुलो संकट पैदा भएको छ । विश्व स्तरमै यस महामारी विरुद्ध लडन मौजुदा स्वास्थ्य सेवा र सुविधाहरु अप्रयाप्त देखिएका छन् । यस महामारीबाट लाखौ मानिसको ज्यान गईसकेको छ, अरु लाखौ संक्रमित छन् ।

कोविड-१९ ले सबै मुलुकको अर्थ व्यवस्था माथि गभिर धक्का पुऱ्याएका छ । पर्यटन तथा उद्यम व्यवसाय बन्द छन् । उत्पादन तथा वितरण प्रणाली गभिर रुपमा प्रभावित भएको छ । दिगो विकासको लक्ष्य प्राप्तीमा ठुलो व्यवधान खडा भएको छ । यस्तो बेला सम्पुर्ण समुदाय विच ऐक्यबद्धता, सहकार्य, आत्मविश्वास र आशाबादको ठुलो खाचो छ । यस महामारीबाट हुने आर्थिक क्षतिको पुर्ति त अगामी दिन हुन सक्छ, प्रविधिको अन्वेषण गर्दै जान सकिन्छ । समाज फेरी समृद्ध बन्न सक्छ । तर गुमेको अमुल्य मानव जीवनको पुन : प्राप्ती हुन सक्दैन ।

कोविड-१९ को संक्रमण प्रारम्भ भए लगतै यस नगरपालिकाले अवल्मबन गरेको रणनिति, समन्वयात्मक कार्यशैली सबै जनताको एकता, धैर्य र सहयोगले अहिले सम्म यस रोगको संक्रमणबाट यस नगरपालिका भित्र सबैको जिवन रक्षा गर्न हामी सफल भएका छौ । संक्रमण फैलिन नदिन र यस महामारी माथि विजय प्राप्त गर्न अगामी दिनमा अझ बढि सतर्कता, समन्वय र एकता आवश्यक भएकोले एक ढिक्का भएर दृढताका साथ लाग्न सबैमा अनुरोध गर्न चाहन्छु ।

महामारी रोकथाम, नियन्त्रण र उपचारको कार्यमा योगदान पुऱ्याउनु हुने संघ, प्रदेश र स्थानिय तहका जन प्रतिनिधी , राजनीतिक दल, निजि तथा व्यवसाय, संचारजगत र कोरोना रोकथाम नियन्त्रण र उपचार मा आर्थिक तथा अन्य सहयोग उपल्बध गराउने सबैलाई धन्यबाद दिन चाहन्छु ।

प्रस्तुत संबैधानिक तथा कानुनी प्रावधान बमोजिम नगरँपालिकाले तोकिएको समय भित्रै नगर सभामा आय-व्ययको अनुमान पेश गरि कानुनी साशन तथा जन उतरदायी साशन व्यवस्था प्रतिको दृढ विश्वास कायमै राखेको छ । यस अबधिमा नगरपालिकाले लिएको नीति र कार्यक्रमबाट हासिल गरेको उपल्बधी र हाम्रो अनुभुतिका बारेमा समेत समिक्षा गर्ने छौ । साथै आर्थिक बर्ष २०७८।०७९ को नीति तथा कार्यक्रम यस गरिमामय छैठो अधिबेशनमा नगरपालिका नगरप्रमुखको हैसियतले प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभुति भई रहेको छ ।

आदरणीय महानुभावहरु,

अब म आर्थिक बर्ष २०७८।०७९ को नीति, बजेट तथा कार्यक्रम स सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु । अगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानको राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व एवं नागरिकका मौलिक हकलाई मुख्य रुपमा लिएको छु । त्यसै गरि नेपाल सरकारको आर्थिक बर्ष २०७८।०७९ को नीति, बजेट तथा कार्यक्रमलाई पनि मुख्य अधार लिएको छु । यस बर्ष बाट सुरु भएको पन्ध्रौ योजनाले लिएका विकासका दिर्घ कालिन लक्ष्यहरु, दिगो विकासका लक्ष्यहरुका साथै कोविड-१९ व्यवस्थापन तर्फ विशेष ध्यान दिएको छ ।

स्थानिय सरकार संचालन ऐन २०७४ र राष्ट्रिय प्राकृति श्रोत तथा वित्त आयोग ऐन २०७४ लाई पनि कानुनी अधारको रुपमा लिएको छ । प्रदेश सरकारको नीति तथा बजेट पनि यसको अधार रहेको छ । स्थानिय जनताहरुको आकांक्षा, जनताले भोगनु परेका समस्या, क्रमागत ठुलो परियोजनाहरु र उपल्बध श्रोत साधन निर्णायक अधारहरु हुन ।

अगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा **गाउँ टोल** बस्ति स्तर देखि नै समावेशि, सहभागितामुलक योजना पद्धती अवलम्बन गरिएको छ । कार्यपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषय गत समितिहरुमा छलफल भई प्राथमिकिकरण गरिएको र कार्यपालिकाबाट पारित गरे पछि सम्मानित सभामा पेश गरेको छु । यस बाट स्थानिय जनता र जनप्रतिनिधिहरु बिच अपनत्व र उत्तरदायित्वको भावना विकास हुने विश्वास गरिएको छ ।

## नगरपालिकाको सोच

"समृद्ध नेपाल, सुखी नेपाली" दीर्घकालिन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पुरा गर्न अगामी दिनमा सो सँग समन्जस्ता राख्दै सबैला नगरपालिकाको दीर्घकालिन समृद्धिका लागि एकीकृत विकास योजना तयार गर्ने र यसलाई मध्यकालीन आबधिक योजना द्वारा कार्यान्वयन गर्ने हाम्रो लक्ष्य रहेको छ । नगरवासीहरुको आधारभुत आवश्यकता पुरा गर्दै विशिष्ट पहिचान सहितको सुन्दर र समृद्ध नगरपालिका बनाउने मुख्य सोचका साथै अबको विकासको कार्य सुचि सुशासन, विकास र समृद्धि रहेको छ । यहि नै हाम्रो गणतव्य हो । यस लाई अल्पकालिन योजनाको रुपमा बार्षिक नीति, कार्यक्रम र बजेट प्रस्तुत गरिएको छ ।

## लक्ष्य

विभिन्न ऐतिहासिक, पुरातात्वीक, धार्मिक, सामाजिक महत्वका क्षेत्रहरु रहेको सबैला नगरपालिकाको प्राकृतिक सौन्दर्यताको बहुउपयोग सहित पुर्वाधारको विकास, कृषिमा आधुनिकिकरण र नागरीक शसक्तिकरण गर्दै सवल, सक्षम र समृद्धशाली वनाउने लक्ष्यका साथ नगरपालिकालाई भौतिक, आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक, तथा सांस्कृतीक दृष्टिकोणले महत्वपूर्ण नगरपालिकाको रुपमा विकास गरि आर्थिक एवम सामाजिक दृष्टिले समुन्नत, आत्म निर्भर र स्वावलम्वी नगरपालिका वनाउने लक्ष्य राखिएको छ ।

## बजेटको उद्देश्य

अब म अगामी आर्थिक बर्षको बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु निम्न अनुसार रहेका छन् ।

१ नगरपालिकाको लागि आवश्यक न्यूनतम पुर्वाधारहरु निर्माण गर्दै नगरपालिकालाई सभ्य र समृद्ध बनाउनु ।

२ मानव विकासको विभिन्न आयमहरुमा जोड दिई नगरपालिकाबासिको जिवनस्तरमा गुणात्मक सुधार गर्नु ।

३ पिछडिएको वर्ग तथा समुदायका लागि समाजिक न्याय सहितको आर्थिक विकास गर्नु ।

४ सुशासन तथा सार्वजनिक सेवा प्रभावलाई प्रभावकारी बनाउनु ।

५ कृषि तथा गैर कृषि क्षेत्रको उत्पादनमा सहयोग पु¥याई रोजगारी र आयवृद्धि गर्नु ।

६ विकास निर्माणमा जनसहभागिता वृद्धि गराउनु ।

७ कोविड-१९ महामारी रोकथाम, नियन्त्रण र उपचारको क्षेत्रमा स्तरोनती, पुर्वाधार विकास जनशक्ति व्यवस्थापन र सेवामा समता मुलक पहुच गराउनु ।

<u>प्राथमिकता</u>

बजेटका उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका प्राथमिकता निर्धारण गरिएको छ ।

१ सडक पुर्वाधारहरुको विकास तथा स्तरोनती

२ अधारभूत तथा माध्यमिक शिक्षा र सोको गुणस्तर सुधार

३ अधारभूत स्वास्थ्य, खोप र पोषण

४ स्वच्छ खाने पानी तथा सरसफाई

५ कृषि, सिंचाई, पशुपालन र पर्यटन

६ युवा र खेलकुदको विकास

७ लैङ्गीक समानता तथा समाजिक समावेशिकरण

८ सुशासन र सेवा प्रवाह

९ अधुरो योजनाहरुको कार्यान्वयन

<u>वार्षिक नगर विकास योजना तर्जुमा गर्दा निम्न विषयहरुमा ध्यान दिईएको छ ।</u>

क) संघ र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रकृयासंग अनुकुल हुने,

ख) एकिकृत शहरी विकास योजना र मध्यमकालीन खर्च संरचना अनुसार प्राथमिकताका विषयहरु,

ग) वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन, खानेपानी तथा सरसफाई, विपद् व्यवस्थापन,

घ) सुशासन, लैंगिक तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तिकरण गर्ने जस्ता विकासका अन्तरसम्बन्धित विषयहरु,

ङ) समाजका सवै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने विषयहरु,

च) अन्तर स्थानीय तहको योजना कार्यान्वयनमा सघाउ पुग्ने विषयहरु,

छ) विषय क्षेत्रगत तथा भौगोलिक सन्तुलन कायम गर्ने पक्षहरु,

**अवलम्वनका आधारहरु**

बार्षिक योजना बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख पद्धति तथा आधारहरु निम्न अनुसार छन ।

- संघीय गणतन्त्र नेपालको संविधानमा व्यवस्था भए अनुसार स्थानीय तहका अधिकारका सुचिकृत विषयहरु ।
- स्थानीय तह सम्वन्धी जारी आदेश, कार्यविधि, दिग्दर्शन, परिपत्र लगायत कानुनी व्यवस्थाहरु ।
- राजश्व परामर्श समिति, स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति बाट प्राप्त राय सुझावहरु ।
- वडा, वस्ती स्तरमा भएका छलफलका सुझावहरु एवम संकलन भएका योजना तथा कायक्रमहरु ।
- विषयगत कार्यालय र निकायवाट प्राप्त राय सुझावहरु ।
- नगरपालिकासंग सम्बन्धित विषयहरुमा विभिन्न क्षेत्रका बुद्धिजीवी, विज्ञ, नागरिक अगुवाहरु संगको परामर्शबाट प्राप्त राय एवमम सुझावहरु ।

नगरपालिकाको लक्ष्य तथा उद्देश्य प्राप्तीका लागि नगरपालिकाबाट निम्न अनुसार प्राथमिकताका आधारमा विषयगत क्षेत्रमा नीति, कार्यक्रम तथा बजेटको तर्जुमा गरिएको छ ।

उपस्थित महानुभावहरु,

अब म आ.व. २०७८/७९ को बार्षिक बजेट तर्जुमा गर्दा अवलम्वन भएका निति तथा कार्यकम वारे प्रस्तुत गर्न चाहन्छु ।

**सामान्य प्रशासन नीति**

- नगरपालिकाबाट उपलब्ध गराउने सेवा सुविधालाई व्यवस्थित र समयानुकुल संचालन गर्न नगरपालिकाको आफ्नै भवनवाट सेवा दिन आवश्यक पुर्वाधार तयार गर्दै लगिनेछ ।
- नगरपालिकाको जनप्रतिनिधी, कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि आवश्यक पर्ने उपयुक्त तालीम, अध्ययन, अवलोकन गोष्ठी लगायतका कार्यक्रमको लागि आवश्यकता अनुसार निजी तथा संस्थागत समन्वय बाट संचालन गरिने छ ।
- नगरपालिकाबाट उपलब्ध गराइने सेवाग्राही संग सम्बन्धीत सेवा सुविधालाई व्यवस्थित गर्नको लागि सहायता कक्षको व्यवस्था गरी दैनिक सेवा प्रवाहलाई सरल र सहज वनाउन पहल गरिनेछ ।
- नगरपालिकाबाट उपलब्ध गराउने सार्वजनिक सेवा सुविधाहरु स्पष्ट हुने गरी जवाफदेहीता सहितको नागरिक वडापत्र कार्यान्वयन गरिने छ ।
- नगरपालिकाबाट उपलब्ध हुने सेवाहरु असहाय, अपाङ्ग, बृद्ध बृद्धा एवं दृष्टिबिहिनहरुको लागि प्राथमिकताका साथ एकद्धार प्रणालीबाट उपलब्ध गराइनेछ ।
- कर्मचारीहरुको कार्य सम्पादन मूल्याकंन बिधी प्रभावकारी र बैज्ञानिक बनाई सचेतिकरण तथा पुरस्कृत पद्धतिबाट सोको आधारमा सेवामुखी एवं जवाफदेही बनाईनेछ ।
- नगरपालिकाको कर्मचारी कल्याण कोष परिचालन कार्यविधी बनाई कार्यान्वयनमा ल्याईनुका साथै मानव संसाधन विकास कोष, विपद व्यवस्थापन कोष, जोखिममा परेका महिला बालबालिका संरक्षण कोष, वातावरण संरक्षण कोष लगायत विशेष कोषहरु स्थापना गरिनेछ । यी कोषहरु संचालन गर्न कार्यविधी बनाई क्रमश कार्यान्वयनमा लगिनेछ ।
- मानव संसाधन विकास, संस्थागत विकास, क्षमता विकासलाई उच्च प्राथमिकतामा राखि नगरपालिका भित्र रहेका मानव संसाधनको रोष्टर तयार गरी आवश्यकता अनुसार परिचालन गरिनेछ ।
- सुशासन र आर्थिक अनुशासन कायम गर्न नगरपालिकाको आय व्यय विवरण नियमित प्रकाशित गर्दै लाने व्यवस्था मिलाउदै लगिनेछ ।

### राजश्व तथा आर्थिक प्रशासन नीति

- नगरपालिकाको क्षेत्रभित्र रहेको आन्तरिक आयका स्रोतहरुको पहिचान र उचित व्यबस्थापन गरी नगरपालिकाको आन्तरिक स्रोत बृद्धि गदै लैजाने नीति अबलम्बन गरिने छ ।
- नगरपालिकाको स्वायत्त अधिकार भित्र रहने कर दस्तुरका वृहत क्षेत्रहरुको पहिचान सहित संकलन तथा व्यवस्थापनमा उपयुक्त नीति वनाई स्रोत साधन परिचालन गरिने छ ।
- आन्तरिक स्रोततर्फ कर, शुल्क, महशुल, जरिवाना आदि असुली लाई प्रभावकारी बनाई नगरपालिका विकासको गतिलाई थप योगदान दिनको लागि राजश्व असुलीको योजनालाई निरन्तरता दिईने छ ।
- व्यबसाय कर, बाहाल कर तथा अन्य स्रोतहरुको लगत अद्यावधिक गर्दै लगिने छ ।
- करदाताहरुको वर्गिकरण गरी करदाताको घर दैलो मार्फत कर जागरण बढाई कर संकलनमा तिब्रता दिईने छ । साथै साना करदाताहरुलाई करदाता शिक्षा मार्फत कर तिर्न उत्साहित गरिने छ ।

- नगरपालिकामा रहेका निर्माणका मेशिन तथा औजारहरु अधिकतम उपयोग बाट आय स्रोत बढाइने छ ।
- हाल सम्मका पेश्की तथा बेरुजु फर फारकका लागि समिति मार्फत(विज्ञहरुको परामर्शमा) फर फारक नीति वनाइ शुन्यतामा लगीनेछ ।
- नगरपालिका क्षेत्रभित्र संचालनमा रहेको उद्योग, व्यवसायहरुलाई करको दायरामा ल्याउन कर संकलन प्रणालीलाई प्रभावकारी वनाउनदै विशेष अभियान संचालन गर्ने र उत्कृष्ट करदातालाई सम्मान गर्ने नीति लिइनेछ ।
- सेवाग्रहीले अन्य निकाय बाट सेवा लिदा नगरपालिकाको कर चुक्ता अनिवार्य गराउन सम्वन्धित निकाय संग समन्वय गरिनेछ ।

## सुशासन नीति

- नगरपालिका क्षेत्रमा हुने र भएका क्रियाकलाप लगायत अन्य गतिविधीको नगरवासीहरुलाई सुसुचित हुने अवसर दिनको लागि निजि तथा संस्थागत साझेदारीएवं सहभागितामा एफ.एम संचालन एवं पत्रपत्रिका प्रकाशन व्यवस्थापनको कामलाई प्राथमिकतामा राखी सुविधा उपलब्ध गराउने कार्यलाई प्रथमिकता दिइ सुचनालाई प्रभावकारी वनाउन नगरपालिकामा संचार डेस्क ( इकाई) संचालन गरिनुका साथै सवै सूचना जानकारी बिधुतिय माध्यमबाट सार्वजनिक गरिनेछ ।
- नगरपालिका बाट दिइने सेवाहरुको सुचना एवम जानकारीहरु सार्वजनिक गराउने विवरणहरु तथ्याङ्क, सुचना, कर, नीति योजना तथा कार्यक्रम लगायतका विषयहरुमा वद्युतिय प्रणाली मार्फत संचालन गर्ने व्यवस्था गरीनेछ ।

## पुर्वाधार विकास नीति

- नगरपालिका क्षेत्रभित्र अत्यावश्यक सडकहरुको लागि नगरपालिका यातायात गुरुयोजना (MTMP) निर्माण गरी विस्तृत योजना प्रतिवेदन तयार गरी लागु गरिनेछ ।
- नेपाल सरकारद्धारा निर्धारण गरिएको मार्गदर्शन एवं राष्ट्रिय भवन संहिता समेतका आधारमा निर्धारण गरिएको भवन निर्माण सम्बन्धि मापदण्डलाई आधार मानी स्थानीय आवश्यकताका आधारमा समग्र शहरी बिकास तथा भौतिक पूर्वाधार निर्माणलाई अगाडि बढाइने छ ।
- नगरपालिका क्षेत्रको सडक सन्जालमा सबै नगरबासीहररुको पहुँच बढाउन आबश्यकता र औचित्यको आधारमा नयाँ सडकको निर्माण भन्दा भएको सडकहरुको स्तरोन्नति गरिनेछ । साथै नगरपालिका क्षेत्रमा रहेको रणनितिक सडक, सहायक सडक, गोरेटो बाटो आदिको सिमाङ्कनको कार्यलाई क्रमश प्राथमिकताका आधारमा अगाडि बढाइने छ ।
- नगरपालिकाको मुख्य सडक र बस्तीहरुमा सौर्य बत्तीको व्यबस्था गर्न पहल गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र आवश्यक पर्ने खानेपानी, पर्यटन, यातायात, खेलकुद लगायतका क्षेत्रहरु सार्वजनिक(निजी साझेदारी (PPP) अवधारणाका आधारमा उपयुक्त कार्यक्रमहरु संचालन गरीनेछ ।

- यस नगरपालिकाको क्षेत्र भित्र उपयुक्त स्थानको पहिचान गरी विभिन्न कार्यहरु संचालन गर्न मिल्ने कम्तीमा ५०० सिट क्षमता भएको अत्याधुनीक सुविधा सम्पन्न वहुउद्देशिय भवन निर्माण गर्न पहल गरिने छ ।

आर्थिक विकास नीति

- युवाहरु रोजगारीको शिलशीलामाविदेश जाने क्रमलाई निरुत्साहित गर्न विभिन्न उपयुक्त तालिमहरु उपलब्ध गराई स्वदेशमै स्वराजगार सिर्जना गरी एक घर एक रोजगार अभियान लाई सफल पार्न पहल गरिनेछ ।
- कृषि क्षेत्रमा व्यवसायीक खेती तर्फ उन्मुख हुन प्राथमिकता दिइने छ ।
- व्यवसायिक रुपमा विषादी रहित प्राङगारिक कृषि उत्पादन गर्ने कृषकलाई प्रोत्साहन गरिनेछ ।

सामाजिक विकास नीति

- यस नगरपालिकाको सवैला PSC मा १५  सैयाको सुविधा सम्पन्न अस्पताल निर्माण कार्यलाई द्रुत गतिमा अगाडी बधाइनेछ साथै वडा न.  ९ को भठिहन वजारमा निर्माणको लागि प्रस्तावित सुविधा सम्पन्न अस्पताल निर्माण कार्य लाई यथासिघ्र कार्यान्वयन गर्न पहल गरिने छ ।
- यस नगरपालिका क्षेत्र भित्र प्रत्येक वडावासीको पहुँच पुग्ने गरी घुम्ती स्वास्थ्य, मधुमेह, उच्च रक्त चाप, थाइराइड, मृगौला, क्यान्सर, मुटु रोग, आङ खस्ने समस्या जस्ता रोगको निस्शुल्क स्वास्थ्य परिक्षण शिविर, एम्बुलेन्स सेवा, लगायत का सेवा सुविधालाई सहज र सरल ढंगले उपयोग गर्न सकने वातावरण वनाउन आवश्यकता अनुसार निजी तथा संस्थागत साझेदारी सहभागिता समेतलाई अवलम्वन गरी प्रभावकारी ढंगले योजना वनाइने छ ।
- नगर सभावाट पारित भएको यस नगरपालिका वडा नं. ९ को भठिहन वजारमा प्रहरी चौकी स्थापना गरी सेवा प्रवाह सुरु गराईनेछ ।
- नेपाल सरकारले उपलब्ध गराउदै आएको सामाजिक सुरक्षा भत्ता समय सापेक्ष सहज रुपमा उपलब्ध गराउन बैंक मार्फत उपलव्ध गराउन पहल गरिनेछ ।
- लक्षित वर्गको क्षमता बृद्धि गरी आत्मानिर्भर वनाउन चेतनामुलक, शिपमुलक, आयमुलक तालिमहरुको व्यवस्थापन गरी रोजगारका अवसरहरुको पहिचान सहित उपयुक्त अवसर उपलब्ध गराउने छ ।
- नगरपालिकाको स्वामित्वमा रहेको सम्पति तथा अन्य सार्वजनिक सम्पदाहरुको उचित संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- नगरपालिका भित्र संचालित मा.वि तथा आधारभुत विद्यालयहरुको भौतिक संरचना सुधार तथा गुणस्तरीय शिक्षा उपलब्ध गराउन पहल गरिनेछ ।
- यस नगरपालिका भित्र परम्परागत रुपमा संचालन हुने मेला,जात्रा पर्व, दाफा, भजन आदि जस्ता धार्मिक परम्परालाई संरक्षण गर्दै त्यस्ता पर्वहरुलाई सास्कृतिक, पर्यटन विकासको रुपमा स्थापित गरिदै लगिने छ ।

- यस नगरपालिका क्षेत्रमा रहेका सम्पदा, मठ, मन्दिर, सत्तल पाटी पौवा तथा विद्यालयहरुको उपयुक्त पुन निर्माणकालागि समन्वयात्मक पहल गरिने छ ।

## वन वातावरण र फोहोरमैला तथा विपद् व्यवस्थापन सम्बन्धी नीति

- यस नगरपालिका क्षेत्र भित्र रहेको सार्वजनिक जग्गाहरुको लागत संकलन गरी संरक्षण गरिनेछ । यस्ता सार्वजनिक जग्गाहरुमा वृक्षरोपण गरी हरित क्षेत्रको विकास गर्ने नीति लिई आम्दानीको स्रोत व्यवस्थापनमा सहयोग पुग्ने गरी जडीवुटी, फलफुल लगायत उपयुक्त उत्पादनको उचित व्यवस्थापनको साथै उद्यान, पार्क निर्माण तथा ब्यवस्थापन गर्नको लागि आवश्यक योजना अघि बढाइनेछ ।
- नगरपालिका क्षेत्रमा वातावरणीय प्रभाव लाई न्यूनिकरण गर्नको लागि सवै उद्योगहरुलाइ आवद्धीक प्रारम्भिक वातावरण परिक्षण तथा वातावरणीय प्रभाव मूल्याकंन अनिवार्य रुपमा गर्न लागाई व्यवस्थित गरीने छ । साथै नयाँ संचालन हुने उद्योग व्यवसायमा स्थानीय स्रोत साधान र जनशक्तीलाई प्राथमिकता दिई सवै वाल श्रम मुक्त उद्योग व्यवसाय संचालन गराउने नीति लिइनेछ ।
- नगरपालिकाको लगानीबाट संचालन हुने योजनाहरुमा उपभोक्ताहरुको योगदान अनिवार्य गराउने तथा सम्झौता पुरा नगर्नेलाई कारवाहिको दायरामा ल्याउन एवं निर्माण भएका योजनाहरुको दिगो उपयोगको लागि उपभोक्ता समिति मार्फत नियमित रेखदेख तथा मर्मत संभारको जिम्मेवारी दिने र सो प्रयोजनको लागि मर्मत संभार कोषको स्थापना गरी व्यवस्थित गरिने छ ।
- फोहोर मैलाको अल्पकालीन तथा दीर्घकालीन व्यवस्थापनको लागि 3R (फोहर घटाउने, पुनर प्रयोग, पुनर उत्पादन) सिद्धान्तलाई व्यवहारमै कार्यान्वयन गर्न समुदाय तथा बिद्यालयमा आधारित अनुशिक्षण कार्यक्रमहरु संचालन गरिनेछ ।
- एकघर एक विरुवा अनिवार्य लगाउनु र हुर्काउनु पर्ने र नभएमा सो वापत जरिवाना असुल उपर गर्ने र विरुवा लगाउने घरधनीहरु लाई प्रत्साहनात्मक नीति कार्यान्वयन गरिनेछ ।
- नगरपालिका भित्र संचालित ईटा भट्टाहरुलाई प्रदुषण मुक्त बनाउन उद्योगीहरुलाइ प्रोत्साहित गरिनेछ ।

## भुमि व्यवस्थापन तथा भवन नियमन नीति

- नगरपालिकाका क्षेत्रभित्रका घरहरुको क्रमश Block No तयार गरी GPS प्रणालीमा आवद्ध गर्न पहल गरिनेछ ।
- राष्ट्रिय भवन निर्माण सहिंता र उपत्यका शहरी विकास प्राधिकरणको भवन निर्माण सम्बन्धि मापदण्ड २०६४, सडक विभाग,DOLIDAR, तत्कालिन नगरपरिषदका निर्णयहरु समेतको विस्तृत अध्ययन गरी भवन निर्माण मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- यस नगरपालिकालाई योजनावद्ध ढंगले विकास गर्न भु उपयोग नीति अन्तर्गत कृषी उत्पादन क्षेत्र, औद्योगिक क्षेत्र, आवास क्षेत्र, हरियाली क्षेत्र, खुल्ला क्षेत्र, समेतको आवश्यक क्षेत्रहरुको पहिचान गरी विषेश क्षेत्र निर्धाण गर्ने कार्यलाई शुरु गराउन पहल गरिने छ ।

- नगरपालिका भित्र प्लटिङ्ग तथा प्लानिङ्ग गर्नका लागि अधिकार प्राप्त निकायहरुमा दर्ता भइ मापदण्ड पुरा गरेका व्यवसायिक सस्था तथा व्यक्ति लाई तोकिएका सवै मापदण्ड पुरा गर्ने शर्तमा स्वीकृती प्रदान गरिनेछ । यस्ता कार्यबाट सार्वजनिक प्रर्ति जग्गा अतिक्रमण नहुने र वातावरणिय रुपमा असर पर्ने तर्फ सतर्कता अपनाइनेछ ।

### न्याय कानुन तथा  मानव अधिकार प्रवर्धन नीति

- सामाजिक सदभाव, विपद व्यवस्थापन लगायत शान्ति सुरक्षाको सम्बन्धमा सम्बन्धित निकाय संगको विगत देखिको समन्वय,सहकार्य लाई अझ बढी प्रगाढ र फलदायी बनाउदै लगिने छ ।
- नगरपालिकालाई आवश्यक पर्ने ऐन, कानून, नियम र निर्देशिका वनाई विधिको शासनलाई पूर्णरुपमा कार्यान्वयन गरिनेछ ।

### योजना अनुगमन तथा तथ्याङ्क नीति

- नगरपालिका बाट संचालन गरिने योजना तथा कार्यक्रमहरु लाई गुणस्तरीय रुपमा छिटो छरितो रुपमा समपन्न गर्नको लागि प्रत्येक आ.व. को बैशाख मसान्त सम्म सम्पन्न गरी सो को भुक्तानी र फरफारक जेष्ठ ३० भित्र गरी सक्नु पर्ने नीति अवलम्वन गरि अषाढमा एकै पटक हतारमा कार्य सम्पन्न गर्ने प्रचलनलाई सुधारात्मक रुपमा व्यवस्थापन गरिनेछ ।
- योजना कार्यान्वयन गर्दा कोटेशन प्रणलिलाई निरुत्साहित गरिदै लगिनेछ । नगरपालिका र मातहतवाट सञ्चालन हुने कुनैपनि योजनामा संझौता र कार्यादेश विना हुने, भएको तथा हुन सक्ने कामहरुको भुक्तनि नगर्ने नीति लागु गरिनेछ ।
- साविक गा.वि.स.हरुमा रहेको बक्यौता बेरुजु एवं पेश्की फर्छ्यौट गर्ने  कार्यलाई कार्य योजना सहित फर्छ्यौट एवं असुल उपर गर्ने  नीतिलाई  थप प्रभावकारी बनाइने छ ।

### <u>कृषि तथा पशु विकास निति</u>

- व्यवसायिक बाली उत्पादन प्रबर्द्धन गर्ने आयोजनाहरु संचालन गरी कृषि व्यवसाय प्रबर्द्धनमा जोड दिईनेछ
- कृषकहरुको लागि अनुदानमा कृषि उत्पादन सामग्री जस्तैः तरकारी मिनीकिट, स्प्रेयर, हार्वेटिक ब्याग, गटोर जस्ता कृषि उपकरण वितरण जस्ता निति अवलम्बन गरिनेछ ।
- कृषि उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि विकसित प्रविधिहरुको प्रसार प्रचार र प्राविधिक सेवा टेवा सर्वसुलभ रुपमा प्रदान गरी कृषकहरुलाई कृषि विकास गर्न सक्षम बनाईनेछ ।
- तरकारी, फलफूल तथा नगदे बालीमा कृषकहरुलाई आकर्षित गरी उन्नत प्रविधि अवलम्वन मार्फत उत्पादन र उत्पादकत्व बृद्धि गर्न ध्यान दिईनेछ ।

- स्थानिय स्तरमा नै नर्सरी स्थापना गर्न कृषकहरुलाई प्रोत्साहन गरी उन्नत जातको बोट विरुवा तथा बिउ बिजन वितरणलाई सहज बनाईनेछ ।
- पशु खोप कार्यक्रम, व्यवसासिक पशुफार्म प्रबर्द्धन कार्यक्रम(गाई, भैंसी. बाख्रा, कुखुरा) मा जोड दिईनेछ ।
- नश्ल सुधारका लागि कृत्रिम गर्भाधान तथा पशु आहारा श्रोतकेन्द्र स्थापना गरी हिउँदे, बर्षे घाँस उत्पादनमा जोड दिइनेछ ।
- पशुधनको क्षति न्युनिकरणको लागि रोग नियन्त्रण खोप कार्यक्रम तथा पशु स्वास्थ्य शिविर संचालनको जोड दिइनेछ ॥

## वन, वातावरण, जलाधार संरक्षण सम्बन्धि नीतिः-

- खाली जग्गामा उपभोक्ता समुह, बिद्यालय परिवार र नागरिक समाज मार्फत बृक्षारोपन कार्यक्रम संचालन गरिनेछ ।
- जलवायु र उर्जा योजना अनुसार जलवायु परिवर्तन अनुकुलन तथा नवीकरणीय उर्जाको उत्पादन प्रयोगलाई प्रोत्साहित गर्ने खालका कार्यक्रमहरुको संचालन निजी तथा गैर सरकारी क्षेत्रको संलग्नतामा गर्न जोड दिइनेछ ।
- सडक बत्ती,घर परिवार एंव कार्यालयमा उर्जा आपुर्तिमा सौर्य उर्जाको सदुपयोग गर्ने खालका कार्यहरु गर्ने जोड दिइनेछ ।
- बाढी जस्ता प्रकोपबाट बर्षेनी हुने गरेको धनजनको क्षति न्युनिकरणका लागि साझेदार संस्थाहरु विच समन्वय गरी संरक्षणका कार्यक्रमहरु अगाडी बढाइनेछ ।

## शिक्षा नितिः-

- बाल विकास केन्द्रहरुलाई सुव्यवस्थित ढंगले संचालन गरी बाल विकास केन्द्र मार्फत कक्षा-१ मा भर्ना हुने दरमा बुद्धि गरिनेछ ।
- आधारभुत तह उमेर समुहका बालबालिकाहरुको शिक्षाको पहुँच सुनिश्चित गर्नका लागी छात्रबृति एंव निःशुल्क पाठ्य पुस्तकको व्यवस्था गरिनेछ ।
- एसईई परीक्षामा सबैभन्दा बढी उतीर्ण गराउने सामुदायिक विद्यालयलाई सम्मान गर्ने परिपाटीको अवलम्वन गरिनेछ ।
- नगरपालिकाको शिक्षा प्रणालीलाई विगतमा सिकिएको पाठहरुको आधारमा विधमान कानुन संस्थागत र प्रकृयागत सुधारलाई थप सुदृढ बनाउदै रणनैतिक ढंगले अगाडी बढाइनेछ ।

- लैंगिक मैत्री तथा बालमैत्री सिकाई प्रणालीको उपयुक्त रणनिति तय गरी कार्यान्वयनमा ल्याइने छ ।
- सामुदायिक विद्यालयहरुको पुर्वाधार विकास गर्दै संस्थागत क्षमता अभिवृद्धिमा जोड दिइनेछ ।
- शिक्षा नगर विकासको मेरुदण्ड हो भन्ने विषयलाई गम्भीरताका साथ अवलम्वन गर्दै सामुदायिक विद्यालयको शैक्षिक र भौतिक पुर्वाधार : वालवालिका विद्यालय प्रवेशको पहिलो आधार भन्ने नाराका साथ समग्र शिक्षा प्रणालीको सुधारका लागि स्पष्ट दृष्टिकोण, प्रतिवद्धता र लगनशीलताका साथ अगाडी बढाइनेछ ।
- नगरभित्रका सामुदायिक क्याम्पसहरुको संस्थागत विकास तथा स्तरोन्नतीका लागि आवश्यक पहल गरिनेछ

स्वास्थ्य नितिः-

- "स्वस्थ नगरबासी : स्वस्थ नगर" भन्ने नाराका साथ गुणस्तरीय स्वास्थ्य सेवामा सवै नागरिकको समतामुलक पहुँच सुनिश्चित गर्ने कार्यमा नगरपालिका क्रियाशील रहनेछ ।
- आधारभूत स्वास्थ्य सेवा जनताको मौलिक अधिकारको रुपमा रहेकोले स्वास्थ्य चौकी तथा आयुर्वेद औषधालयबाट निःशुल्क प्रदान हुँदै आएको प्राथमिक तथा आधारभूत स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउँदै लगिने छ ।
- प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवालाई पहिलो प्राथमिकता दिइनेछ ।
- मातृ तथा शिशु मृत्युदर कम गर्न स्वास्थ्यकर्मीहरुको दक्षता अभिवृद्धि, तालिम, स्वास्थ्य केन्द्रहरुको स्तरोन्नति जस्ता कार्यक्रमहरुबाट नागरिकहरुको पहूँच बढाइने छ ।
- एच. आई. भी. र एड्स, औंलो, दादुरा जस्ता सरुवा रोगको नियन्त्रणको लागि यस क्षेत्रमा कार्यरत संध संस्थाहरुको समन्वयमा विभिन्न चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

महिला तथा वालवालिका, जेष्ठ नागरिक तथा समाज कल्याण :-

- विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी समग्र महिलाहरुको सशक्तिकरण सम्वन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।

- महिला, वालवालिका तथा फरक क्षमता भएकाहरुसंग सम्वन्धित चेतनामुलक प्रचारप्रसार तथा सामग्री उत्पादन प्रकाशन र वितरण गरिनेछ । महिलामाथि हुने हिंसा न्यूनीकरणका लागि अभियान संचालन गरिनेछ । किशोरीहरुको वहूआयामिक विकास, लैं·कतामा आधारित हिंसा, प्रजनन स्वास्थ्य र वालअधिकार प्रवर्द्धन अन्तरगत तालिमका ब्यवस्था गरिनेछ ।
- जेष्ठ नागरिकहरुको सम्मानका लागि सरोकारवालाहरुको संयोजनमा "जेष्ठ नागरिक स्वास्थ्य शिविर तथा योग शिविर" तथा "जेष्ठ नागरिक सम्मान" जस्ता प्रभावकारी कार्यक्रम संचालन गरिनेछ ।
- सवै वडाहरुमा वडा स्तरीय वालक्लव नेटवर्क क्रियाशील गराउन र नगर बालक्लव नेटवर्क बनाई क्षमता अभिबृद्धि सम्वन्धी कार्यक्रमहरुलाई अगाडी बढाइनेछ ।

जनजाती / दलित, उपेक्षित तथा उत्पीडित जाति उत्थान एवं संरक्षण :-

- नगरपालिका तथा यस क्षेत्रभित्र कार्यरत सम्पुर्ण गैर सरकारी संधसंस्थाहरुलाई जनजाति, दलित, पिछडा वर्ग, अपा · तथा जेष्ठ नागरिकहरुका सवालहरुलाई सर्वपक्षीय सवालको रुपमा अगिंकार गरी कार्यक्रम तर्जुमा गर्न जोड दिइनेछ ।
- अल्प संख्यक तथा पिछडावर्गलाई प्रत्यक्ष लाभ हुने तथा जनचेतनामुलक कार्यक्रम संचालन गर्न विशेष जोड दिइनेछ ।

सामाजिक सुरक्षा :-

- बृद्ध, असहाय, एकल महिला, फरक क्षमता भएका नागरिक तथा बालबालिकाको हितमा सामाजिक सुधार एवं कल्याणकारी कार्यक्रम संचालन गरिनेछ ।
- सामाजिक सुरक्षा भत्तालाई **पूर्ण रूपमा** बैंकिङ्ग प्रणालीमा आवद्ध **गरिने** छ ।
- सामाजिक सुरक्षा वितरणको अनुगमनलाई अझ प्रभावकारी बनाइने छ । नगरपालिका / वडाहरुमा परिचय पत्र अधावधिक तथा सघन अनुगमनलाई प्रथमिकताका साथ अगाडी बढाईने छ ।

अपाङ्गता सम्वन्धीः-

- सवै प्रकारका अपाङ्गता भएका ब्यक्तिहरुको क्षमता विकास एवं उनीहरुको सामाजिक सुरक्षा ब्यवस्थालाई प्रभावकारी बनाउदै लैजाने निति लिइनेछ ।

- अपाङ्गता भएका ब्यक्तिहरुको स्वावलम्वी संस्थाहरु एवं समूहको दिगो विकास गर्ने उपायहरुको अवलम्वन गरिनेछ ।

गरिबी न्यूनीकरण :-

- नगरपालिकाबाट संचालन गरिने कार्यक्रमहरुलाई गरिब लक्षित क्षेत्रमा केन्द्रित गरिनेछ ।
- नगर गरिबी अनुगमन प्रणालीको संस्थागत विकास गरिनेछ ।
- प्रधानमंत्री रोजगार कार्यक्रम लगायत अन्य गरिबी निवारणका कार्यक्रम मार्फत यस नगरपालिकामा संचालन हुने परियोजनाहरुको प्रभावकारीता अभिबृद्धि गर्न विशेष जोड दिइनेछ ।

**उद्योग तथा ब्यापार सम्बन्धी नीति:-**

- नगरपालिका / वडा स्तर सम्म सहकारी संस्थाहरुको विकास, विस्तार र प्रवर्द्धन गर्ने एवं उत्पादन बृद्धिको विशेष नीति अख्तियार गरिनेछ ।
- वडा वडामा सहकारीताको बारेमा अभिमुखिकरण कार्यक्रम संचालन गरी कम्तीमा “एक वडा एक सहकारीको अभियान” प्रवर्द्धन गरिनेछ ।
- लघुउद्यम तथा स-साना घरेलु उद्योगहरुको विकासमा समुदाय एवं निजी क्षेत्रलाई प्रोत्साहित गर्ने र त्यस्ता उद्योगलाई वातावरण मैत्री  बनाउन जोड दिइनेछ ।
- बाजार माँगमा आधारित स्वरोजगार सृजना हुने उद्योग संचालनलाई प्रोत्साहन गर्न बजार केन्द्रहरुमा लघुउद्यम (MEDPA) कार्यक्रमहरु संचालन गरिनेछ ।

**भवन, सहरी विकास तथा पूर्वाधार:-**

- नगर विकास योजना तर्जुमा गर्दा जनतालाई प्रत्यक्ष फाइदा हुने तथा रोजगार प्रवर्द्धन हुने र आयमूलक कार्यक्रमहरु, कृषि उत्पादनमा वृद्धि हुने, स्थानीय साधन, सीप र दक्षताको परिचालनबाट संचालन हुने, वातावरण संरक्षणमा सघाऊ पुर्याउने र आर्थिक तथा सामाजिक रुपले पिछडिएका जाति, जनजाती, दलित, गरिब, महिला एवं बालबालिकाको लागी आयमूलक तथा सीपमूलक कार्यक्रमहरुलाई प्रथमिकता दिइनेछ।
- सडक सम्बन्धी पुर्वाधार योजना संचालन गर्दा वार्षिक नगर विकास योजना / सडक गुरु योजनाको आधारमा संचालन, मर्मत एवं स्तरोन्नती गरिनेछ ।

- नगरपालिकाको योजनावद्ध विकास मार्फत स्वच्छ, सुरक्षित, समृद्ध र पहिचानयुक्त नगरको रुपमा विकास गरी नगरवासीको मांग अनुसार सर्वसुलभ, भरपर्दो, गुणस्तरीय सेवा तथा सुविधा उपलब्ध गराई नगरवासीहरुको जीवन स्तरमा सुधार ल्याउनको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय दातृ निकायहरुको समन्वयमा समेत कार्यक्रमहरु संचालन गरिनेछ ।
- ल्याण्ड फिल्डको व्यवस्था मिलाउन नगरस्तरीय छलफल तथा संभाव्यता अध्ययन गराइनेछ ।

<u>संस्थागत विकास तथा सेवा प्रवाह</u>:-

- नगर भित्र रहेका सार्वजनिक ऐलानी जग्गा, गौचर, पोखरी, इनार लगायत सार्वजनिक महत्वका स्थानहरुको तथ्याङ्क संकलन गरी संरक्षण गरिनेछ ।
- नगरपालिका अन्तर्गतका कर्मचारीहरुको कार्यक्षमताको विकास गरी कार्य सम्पादनको गुणस्तरमा अभिवृद्धि गरिने छ ।
- नगरपालिका अन्तर्गत स्थापित वा कार्यक्षेत्र रहेका सरकारी तथा गैर सरकारी सामाजिक संस्था, उपभोक्ता समितीहरुले आफ्नो उद्देश्य अनुसार नगरपालिकाको आर्थिक, सामाजिक क्षेत्रमा उल्लेखनीय कार्य गर्ने संघसंस्थालाई पुरस्कृत गरिनेछ ।
- नगरपालिकाको क्रियाकलापहरुलाई पारदर्शी, जवाफदेही र मितव्यमी बनाउन सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, खर्च सार्वजनिकीकरण जस्ता विधि प्रक्रियाबाट नगरवासी सबैमा सुचित गरिनेछ ।
- स्थानिय सरकार संचालन ऐन, २०७४ अनुसार नगरपालिकाको वित्तीय अधिकार क्षेत्रभित्र रहेको आन्तरिक आय राजस्वहरु वापत नगरपालिकाको आन्तरिक आयमा बृद्धिका लागि तोकिएको राजस्व संकलनका कर क्षेत्रहरुको समग्र राजस्व संभाव्यता सम्बन्धी तथ्यांक संकलन सहित विस्तृत अध्ययन अनुसन्धान गरिनेछ ।

<u>न्यायीक समिति</u>:-

- नेपालको संविधान र स्थानिय सरकार संचालन ऐन, २०७४ अनुसार नगरपालिकालाई प्रदत काम, कर्तव्य र अधिकारको सुव्यवस्थित रुपमा कार्यान्वयन गरिनेछ । न्यायीक समितिको कामलाई वस्तु फरक बनाउन संस्थागत विकास गरिनेछ ।

- विवाद समाधानका वैकल्पीक उपाय एवं मेलमिलाप सम्बन्धी विद्यमान प्रक्रियालाई थप स्पष्टताका साथ अगाडी बढाइनेछ । स्थानीय न्याय उत्पादन प्रक्रियालाई छिटोछरितो र व्यवस्थित गरिनेछ ।

## संचार एवं सुचना प्रविधि सम्बन्धी निति

- अगामी आ.व वाट यस नगरपालिकामा क्गतचब मा आधारित वार्षिक विकास कार्यकम तर्जुमा जोड दिइनेछ।
- दातृ निकाय तथा अन्य संस्थाको सहयोगमा नगरपालिकामा नगर सुचना प्रविधिको **पहुँच** विस्तार गर्न नगर सुचना केन्द्र स्थापना गरिनेछ ।
- नगरपालिकाले आफनो सुचना निर्णय तथा गतिविधिहरुलाई पारदर्शी रुपमा नियमित प्रकाशन तथा प्रशारण गरी एफ.एम., पत्रपत्रिका तथा बुलेटिनहरुका साथै नगरपालिकाको वेबसाईट मार्फतबाट समेत जानकारी गर्ने परिपाटिको विकास गरिनेछ ।

**प्रमुख अतिथी, अतिथी, नगर सभा सदस्य एवं उपस्थित माहनुभावहरु उल्लेखित नीति तथा कार्यक्रमका आधारमा हाम्रा अभियानहरु उल्लेख गर्न चाहन्छु ।**

**उल्लेखित नीति तथा कार्यक्रमका आधारमा आर्थिक वर्ष २०७८/०७९ का विषेश अभियानहरु**

- कोभिड-१९रोकथाम तथा नियन्त्रणका लागी भारत लगायत विदेशवाट आएका हाम्रा नगरवासीलाई **आइसोलेशन सहितको** क्वारेन्टाईनमा राख्न आवश्यक व्यवस्था गरिएको छ ।
- आमा र वावु दुवै वेपत्ता वा मृत्यू भएका विपन्न वालवालिकालाई १२ कक्षा सम्म अध्ययनका लागी आ.व. २०७८/०७९ वाट नगरपालिकाले अध्ययन छात्रवृत्ती वापत **दिने** माशिक रु १०००।- कार्यलाई निरन्तरता दिइनेछ ।
- सुरक्षित प्रशुतिको लागि सरकारी स्वास्थ्य संस्थामा प्रशुती सेवा लिने आमाहरुको यातायात र प्रारम्भिक पोषण प्रोत्साहन स्वरुप रु १,०००।- दिईनेछ ।
- नगरपालिकालाई कृषिहव वनाउने नीति अन्तरगत समुह गत, व्यवशायीक रुपमा पशुपञ्छी एवं मत्स्य पालन र प्लटगत खेति गर्ने कृषक तथा कृषक समुहलाई आवस्यक प्रविधिक तथा भौतिक सहयोग उपलब्ध गराईनेछ ।
- सतोषर धामको गुरुयोजना वनाई विस्तार एव विकास गर्दै धार्मिक पर्यटन विकास गराईनेछ ।
- संचालन हुने सबै योजनामा सार्वजनिक सुनुवाई कार्यलाई निरन्तरता दिइनेछ ।
- महिला सशिक्तिकरण शिप, क्षेमता, दक्षता विकाश गराउदै कृषि तथा घरेलु लघुउद्योग विकास कार्यक्रम संचालन गराईनेछ ।
- महिला प्रजनन स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- वैदेशिक रोजगार जानेहरुको जोखिम न्यूनिकरण तथा मनोपरामर्श कार्यक्रम सञ्चालन गरिनेछ ।
- लौंगिक हिंसा र मानव बेचबिखन विरुद्धको अभियान र किशोरी समूह कार्यक्रम संचालन गरिनेछ ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर विकासकोलागी सवै सामुदायिक बिद्यालयहरुमा अंग्रेजी भाषशिक्षा कार्यक्रमलाई लागु गराउदै लगिनेछ ।
- बालमैत्री नगरपालिका बनाउन वडा स्तर र नगरपालिका स्तरमा बालक्लबको गठन क्षमता विकास र संस्थागत गराउदै अन्य रचनात्मक कार्यक्रमहरु सञ्चालन गराउदै लागिनेछ ।
- सबै धर्मको सम्मान र धर्म मान्न पाउने नागरिकको अधिकार सुरक्षित गराउदै सबैको आस्था अनुसारको मठमन्दिर, गुम्बा, मस्जिद, चर्चको संरक्षण सम्बर्धन गर्दै लगिनेछ ।
- नगर प्रमुख (मेयर गोल्डकप) खेलकुद **लगायत स्थानीय स्तरमा साविक देखी हुदै आएका** प्रतियोगिताहरु व्यवस्थित **रूपमा** सञ्चालन गरिनेछ ।
- नगरपालिकाका सवै बिद्यालयमा प्रत्येक शुक्रबार नियमित अतिरिक्त क्रियाकलाप सञ्चालनको व्यवस्था मिलाईनेछ ।
- सामुदायिक विद्यालयबाट कक्षा ८ एसइइ (SEE) र १२ (+२) कक्षाको परीक्षामा उत्कृष्ट नतिजा ल्याउने सफल छात्र/छात्रालाई पुरस्कृत गरिने नीतिलाई निरन्तरता दिईनेछ ।
- नगरपालिकाका निश्चित क्षेत्रमा कृषक पाठशाला संचालन गरिनेछ ।
- आदीबासी तथा जनजाती, मदेशी, मुस्लिम, दलित, पिछडीएको वर्ग, अति सिमान्तकृत तथा अति बिपन्न सुमदायको लागि बिशेष कार्यक्रम लागु गरिनेछ ।
- नागरिक स्वास्थ्य वीमा कार्यक्रमलाई प्रोत्साहित गरिनेछ।
- यसै आ.व ०७८|०७९ भित्रै यस सबैला नगरपालिकाको पायक पर्ने स्वास्थ्य संस्थामा क्षयरोग सम्बन्धि खकार परिक्षण माइक्रोस्कोङ सेन्टर सञ्चालन निरन्तरता दिईनेछ ।
- सार्वजकि पोखरी ताल तलैया संरक्षण संवर्धन गर्दै उत्पादनमुलक कार्यहरु गराएर कृषकहरुको आय आर्जन विकस संगसगै नगरपालिकाको आयश्रोत बृद्धी गराईनेछ ।
- कृषि उत्पादनमुखी भुउपयोग नीतिद्धारा सरकारी, सामुदायिक, ऐलानी तथा पर्ति जग्गाहरुको संरक्षण गरि उत्पादन वितरण कार्यहरु गरी गराई आधुनिक कृषि विकास तथा नगरपालिकाको आयश्रोत बृद्धी गराउने कार्य सुरु गरिनेछ ।
- नगरपालिका तथा वडा कार्यालयहरुलाई सुशासन यूक्त, भ्रष्टाचार रहित र जवाफदेहितायूक्त बनाउदै लगीनेछ । कर्मचारीहरुलई काममा प्रोत्साहित गरिनेछ, आवश्यक दरबन्दी, क्षमता विकास, सेवा सुविधा, मूल्यांकन तथा पुरस्कारको उचित संयोजन गरिनेछ ।

उपस्थित महानुभावहरु :

सबैला नगरपालिकाले प्रस्तावित वजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलतः नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकार सुची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक सामाजिक विकास, साधन श्रोतको उपयोग नीति, अर्थ मन्त्रालय, प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदानको मार्गदर्शन र संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयबाट प्राप्त मार्गदर्शन, सहभागितामूलक योजना छनौट पद्धति, विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजकि संरक्षण, दीगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन, लैगिंक सशक्तिकरण तथा समावेशी विकास समेतलाई आधार मानी नगरकार्यपालिकाबाट स्वीकृत गरी यो गरिमामय नगरसभामा आगामी आ.व. ०७८।७९ को अनुमानित प्रस्तावको आय-व्ययको विवरण प्रस्तुत गर्न अनुमती चाहन्छु ।

सबैला नगरपालिकाको अगामी आ. व. ०७८।७९ को लागी कुल बजेट रु.६३,५२,५०,०००।- (अक्षेरेपी त्रिसठ्ठी करोड वाउन्न लाख पचास हजार) विनियोजन गरेको छु ।

| सि.नं. | शीर्षक | आ.व.०७८।७९ को अनुमान |
|---|---|---|
| १ | आन्तरिक श्रोत | १५,००,००,०००।- |
| २ | राजश्व बाँडफाँडबाट प्राप्त रकम | ९,७३,११,०००।- |
| | संघीय सरकार | |
| ३ | १३३११ समानीकरण अनुदान | १४,९६,००,०००।- |
| ४ | १३३१२ शसर्त अनुदान चालु | १९,१५,००,०००।- |
| ५ | शसर्त अनुदान पूँजिगत | १ ,६१ ,०० ,००० ।- |
| ६ | १३३१६ सम्पूरक अनुदान पूँजिगत | ९१,००,०००।- |
| ७ | बिशेष अनुदान पूँजिगत | ६२,००,०००।- |
| | प्रदेश सरकार | |
| ८ | २६३३१ वित्तिय समानकिरण | १,०४,३९,०००।- |

| | | |
|---|---|---|
| ९ | २६३३२ सशर्त अनुदान | |
| १० | २६३३३ बिशेष अनुदान | ३०,००,०००।- |
| ११ | २६३३४ समपुरक अनुदान | २०,००,०००।- |
| | कुल जम्मा | ६३,५२,५०,०००।- |

उपस्थित महानुभावहरु,

प्रस्तावित बजेट एवं योजनाको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक क्षमता विकास, संस्थागत, नीतिगत, कार्यविधिगत सुधारका कार्यहरु गर्न सकिएमा कार्यक्रमहरुको कार्यान्वयनको सुनिश्चितता, पारदर्शीता र उत्तरदायित्वमा थप प्रवर्द्धन हुने विश्वास लिएका छौँ । हामीले आफुलाई अझ बढी उत्तरदायी, जिम्मेवार र जवाफदेही बनाउँदै सरोकारवालाहरु विचको सहकार्य, समन्वय, सुझाव र सहमतीपुर्ण वातावरणलाई अनुकुल परिवेशमा लैजाने र प्रभावकारी ढंगका साथ साधनहरु परिचालन गरी सबैला नगरपालिकाका जनताको लागी नजिकको जिम्मेवार सरकार हुने भन्ने मान्यतालाई प्रमाणित गर्नेछौँ । यो प्रयासलाई सार्थक तुल्याई दिन सहयोग पुर्याउने सवै अतिथि ,पत्रकार, विषयगत क्षेत्रका प्रतिनिधी, राजनैतिक दलका पदाधिकारीहरु तथा नगर कार्यपालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरुका साथै यस कार्यमा सहयोग गर्नुहुने आदरणीय सम्पुर्ण उपस्थित महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौ ।

अन्तमा यस नगरसभाबाट प्रस्तुत नगर विकास योजनालाई सफल र प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सम्वद्ध सवै पक्षबाट निरन्तर सहयोगको अपेक्षा गर्दै यस कार्यमा सक्रिय एवं रचनात्मक सहयोग पुर्याउने निर्वाचित जनप्रतिनिधी ज्यूहरु तथा कर्मचारी साथीहरुलाई विशेष धन्यवाद दिन चाहन्छौ । साथै यो गरिमामय सभामा सवै विशिष्ट महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौ । धन्यवाद

बिजय शंकर प्रसाद साह

नगरप्रमुख